# सिद्धिचरण नगरपालिका, ओखलढुंगा
## १ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड १, संख्या १ मिति २०७५/४/१

भाग १

नेपालको संविधानको धारा २२१ ले दिएको व्यवस्थापकीय अधिकारको प्रयोग गरी सिद्धिचरण नगरपालिका, ओखलढुंगाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत २०७५ सालको ऐन नं. १
## सिद्धिचरण नगरपालिकाको "शिक्षा ऐन २०७५"

नगर सभाबाट स्वीकृत मिति २०७५/३/२२ प्रमाणिकरण मिति २०७५/३/२६

प्रस्तावना : सिद्धिचरण नगर रं समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार, समयानुकुल ज्ञानको बृद्धिका लागि शैक्षिक स्तरका असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न स्थापना भई सञ्चालन भइरहेका र नगर क्षेत्रभित्र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न समयानुकुल सीप र प्रविधिसहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले सिद्धिचरण नगरपालिकाको नगर सभाले नेपालको संविधान बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ
   (क) यस ऐनको नाम "सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन–२०७५" रहेको छ ।
   (ख) यो ऐन सिद्धिचरण नगरपालिकाभर लागु हुनेछ ।
   (ग) यो ऐन नगर सभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले सिद्धिचरण नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले सिद्धिचरण, नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "नगर सभा भन्नाले" सिद्धिचरण नगरपालिको नगरसभालाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गा लाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चारबर्ष उमेर पूरा गरेका वालवालिकालाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा एकबर्षको पूर्व प्राथमिक शिक्षा सम्झनु पर्दछ । यो शव्दले, प्रारम्भिक बाल विकास शिक्षा, शिशु, कक्षा, नर्सरी, के.जी., मन्टेश्वरी आदि समेतलाई जनाउदछ ।

(ज) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(ञ) "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता आदि भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

१. दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, वौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

२ सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना गरिएका नाफारहित प्रकृतिका अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ण) "आधारभूत विद्यालय" भन्नाले खण्ड (झ) वमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ ।

(त) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक दुबै शिक्षा सम्झनु पर्दछ ।

(थ) "विद्यालय" भन्नाले सामुदायिक "विद्यालय" वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(द) "प्राथमिक विद्यालय" भन्नाले खण्ड (ज) बमोजिम शिक्षा दिइने केन्द्र सम्झनु पर्छ ।

(ध) "माध्यामिक विद्यालय" भन्नाले खण्ड (ञ) वमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(न) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(प) "साझेदारी विद्यालय" भन्नाले सरकार र निजी क्षेत्रको सामूहिक लगानीमा सञ्चालन भएको विद्यालयलाई सम्झनुपर्छ ।

(फ) "नगर शिक्षा समिति" भन्नाले यस ऐनको दफा १६ को उपदफा १ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ब) "नगर शिक्षा अधिकृत" भन्नाले नगरपालिकाभित्र स्थानीय तहका शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा अधिकृत वा तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(भ) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा शाखा हेर्ने विभाग, महाशाखा, शाखा वा इकाईलाई सम्झनु पर्छ ।

(म) "व्यवस्थापन समिति" भन्नाले दफा २१ को उपदफा (१) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(य) "स्रोतकेन्द्र" भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा कार्यालय रहने गरी शैक्षिक गतिविधिहरु सञ्चालन हुने केन्द्र भन्ने सम्झनु पर्दछ ।

(र) "स्रोतव्यक्ति" भन्नाले सिद्धिचरण नगरपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक अभिवृद्धी तथा शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धी गर्न माध्यामिक तहका स्थायी शिक्षकहरुमध्येबाट छानिएको व्यक्ति सम्झनुपर्छ र सो शव्दले श्रोतकेन्द्रको प्रमुखलाई समेत जनाउदछ ।

(ल) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

(व) "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस ऐन अन्तगर्त बनेका नियमावली, कार्यविधि, निर्देशिका वा नगरसभावाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(श) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेका कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ख) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउछ ।

(स) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको

रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउछ ।

(ह) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेका सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

(क्ष) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएका डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामका स्थायी आवासीय अनुमति समेतलाई जनाउछ ।

(त्र) अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत बिद्यार्थीको अभिभावक भनी बिद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ । सो शव्दले विद्यार्थीको बाबु, आमा, बाजे, बजै, र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ज्ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## विद्यालय खोल्ने अनमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने:** (१) कुनै नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्वन्धित वडा कार्यालयको सिफारिसका साथ नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले शिक्षा शाखा मार्फत आवश्यक जाँचवुझ गर्ने र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा वडा शिक्षा समितिको निर्णय र नगर शिक्षा समितिको सिफारिसमा तोकिएको प्रक्रिया पुरा गरी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) वमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचवुझ गर्नेछ र जाँचवुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग वमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) मा जुनसकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीका रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा प्रचलित कानुनमा जुनसकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) मा संगठित संस्थाका रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तीमा पाँचजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारका रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने । तर सार्वजनिक शैक्षिक गुठीका हकमा त्यस्ता उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन पर्न आएमा उपदफा (२) बमोजिमको प्रक्रिया पुरा गरी तोकिएको अधिकारीबाट सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न अनुमती दिन सकिनेछ ।

(९) उपदफा (७) मा उल्लेख भए बमोजिम स्थापित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमका आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर विदेशी शिक्षण संस्थासंग सम्बन्धन गरी विद्यालय खोल्ने सम्वन्धमा नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई नेपाल सरकारसँग सम्झौता भए वमोजिमको शर्तमा सञ्चालन हुनेगरी अनुमति दिन सकिनेछ ।

(११) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा वा सो सरहका कक्षाहरु सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयको आवेदन परेमा शिक्षा शाखाको सिफारिसमा नगर शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले

अनुमति प्रदान गर्न सक्नेछ । तर, अनुमति लिनु अघि सम्वन्धित निकायवाट तोकिएको मापदण्ड जाँचबुझ र एकीन गर्ने कार्य नगर शिक्षा समितिले गर्नेछ ।

(१२) विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(१३) माथि जेसुकै उल्लेख भए पनि यसअघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएको मानिने छ । तर, यसअघि सञ्चालन भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा बिवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

(१४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टि.ई.भि.टि.) अन्तर्गत संचालन हुने प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा वा सो सरहका कक्षाहरु सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयको आवेदन परेमा शिक्षा शाखाको सिफारिसमा नगर शिक्षा समितिको निर्णयानुसार प्रविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जूमा, संचालन, अनुमती, अनुगमन, मुल्यांकन र नियमन सम्वन्धी कार्यहरु नगरपालिका वाट हुनेछ । तर, अनुमति लिनु अघि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकीन गर्ने कार्य नगर शिक्षा समितिले गर्नेछ ।

(१५) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति वा स्वीकृति सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न, बन्द वा कक्षा थप गर्न सक्ने :**

(१) नगरपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सम्वन्धित वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले शिक्षा शाखावाट जाँचवुझ गराई मनासिव देखिएमा नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर शिक्षा समितिले गरेको सिफारिसको आधारमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**५. अनुमति वा स्वीकृती रद्ध गर्ने :** कुनै संस्थागत विद्यालयले दफा ३ को उपदफा (४) वमोजिम कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएका अधिकारी समक्ष निवेदन दिएमा, दफा ४७ वमोजिम प्रगति विवरण नवुझाएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि वा प्रचलित नेपाल कानून विपरीत अन्य कुनै काम गरेमा नगर कार्यपालिकाले त्यस्ता विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृती रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ । यसरी अनुमती वा स्वीकृति रद्ध गर्दा चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**६. अनुमति नलिई शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालन गर्न नहुने :** (१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति

नलिई शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन । यसरी अनुमति नलिई संचालन गरेमा कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षिक संस्था, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाइ केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

८. **प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्था :** (१) प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर शिक्षा सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१०. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने:** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एक भन्दा वढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका बिद्यालयको व्यवस्थापन समितिको गठन काम कर्तव्य र अधिकार साझेदार तरिका तथा अन्य व्यवस्था तोकए बमोजिम हुनेछन ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

११. **माध्यामिक शिक्षाको प्रकार :** माध्यमिक तहको शिक्षाका प्रकारहरु देहाय बमोजिमका हुनेछन :

(क) साधारण माध्यामिक शिक्षा

(ख) संस्कृत माध्यामिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यामिक शिक्षा

१२. **शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्याम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा

शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैह्र नेपाली नागरिकले नगरपालिकाको क्षेत्र भित्र रहेका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी बिषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

१३. **विद्यालयको वर्गीकरण** : विद्यालयलाई तोकिएको आधारमा वर्गिकरण गरिनेछ ।

१४. **विद्यालयको पाठयक्रम तथा पाठयपुस्तक**: विद्यालयले नेपाल सरकारले तोकेका न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाई उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेका मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठयकम विकास गर्न सक्नेछ ।

१५. **परीक्षा सञ्चालन** : परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ । तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) नगरपालिकाले संचालन गर्नेछ ।

## परिच्छेद -४

## नगर शिक्षा तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्बन्धी व्यवस्था

१६. **नगर शिक्षा समितिको गठन**: (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको एक नगर शिक्षा समिति रहने छ :

(क) नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको नगरसभाका सदस्यहरु मध्येवाट एकजना महिला सहित २ जना -सदस्य

(ङ) नगरपालिका क्षेत्रभित्रका समाजसेवी, वुद्धिजिवि तथा शिक्षाप्रेमीहरू मध्येबाट एकजना दलित वा अल्पसंख्यक पर्ने गरी नगर प्रमुखले मनोनित गरेका २ जना -सदस्य

(च) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका १ जना -सदस्य

(छ) संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले मनोनित गरेका १ जना - सदस्य

(ज) शिक्षक महासंघको नगर अध्यक्ष १ जना - सदस्य

(झ) नगर शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफनो पदीय आचरण पालन नगरेको अवस्थामा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सक्नेछ । तर त्यसरी हटाउदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाई दिने अवसर प्रदान गरिनेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिका भित्रका शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने वा कक्षा थप सम्बन्धमा नगर कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र व्यवस्थित, मर्यादित, भय रहित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग पुऱ्याउने,

(ङ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको

शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(च) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालनको व्यवस्था गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने ।

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने ।

(ड) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ण) नगर शिक्षा समितिले नगरपालिका भित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई करारमा शिक्षक/सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा शिक्षक छनौट समिति गठन गरी सो समितिले परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्ने,

(त) शिक्षक छनौट समितिको कार्यविधि नगर कार्यपालिकाले निर्माण गरी लागु गर्नेछ ।

(थ) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञ सूची प्रकाशन गर्ने ।

(द) नगर शिक्षा समितिले तोकिए बमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्न सक्नेछ ।

(घ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

१७. वडा शिक्षा समिति:

(१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) अगुवा विद्यालयका प्रधानाध्यापक १ जना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेको एकजना सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट एकजना दलित वा महिला सहित २ जना - सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. शिक्षक छनौट समिति, शिक्षक अभिभावक संघ, परीक्षा संचालन समन्वय समिति र अन्य समिति सम्वन्धी व्यवस्था: (१) शिक्षक छनौट समिति, शिक्षक अभिभावक संघ, परीक्षा संचालन समन्वय समिति र अन्य समितिको गठन, कार्य संचालन, र क्षेत्राधिकार सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) नगर शिक्षा समितिले नगरपालिकाभित्र रहेका विद्यालयहरुलाई स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई शिक्षक / सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा तोकिए बमोजिमको शिक्षक छनौट समितिले परीक्षा संचालन गरी योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम शिक्षक छनौट समितिले योग्यताक्रम अनुसार करार सुची प्रकाशन नगरेसम्म प्रचलित संघीय तथा प्रदेश कानूनको प्रक्रिया पुरा गरी रिक्त स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) शिक्षक,बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको पदमा करारमा नियुक्ति गर्न वाधा पुगेको मानिने छैन ।

१९. शिक्षा अनुगमन समिति :

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमका शिक्षा अनुगमन समिति गठन हुनेछ :

(क) नगर कार्यपालिकाको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य

(ग) अभिभावकहरु मध्येबाट नगर प्रमुखले तोकेको १ जना प्रतिनिधि – सदस्य

(घ) नगर प्रमुखले तोकेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट १ जना – सदस्य

(ङ) आधिकारिक शिक्षक महासंघको नगर अध्यक्ष १ जना – सदस्य

(च) नगर सभाको सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको एकजना दलित वा महिला सहित २ जना – सदस्य

(छ) नगर कार्यपालिकाले शिक्षासेवीहरु मध्येबाट मनोनित गरेको १ जना महिला सहित २ जना – सदस्य

(ज) नगर शिक्षा अधिकृत – सदस्य सचिव

(२) अनुगमन समितिले आफ्नो अनुगमनको प्रतिवेदन नगर शिक्षा समिति समक्ष आवधिक रुपमा बुझाउनु पर्नेछ । कार्यक्रम, कर्तव्य र अधिकारहरु तोकिए बमोजिम हुनेछ ।

२०. नगर शिक्षा अधिकृत : नगरपालिकाभित्र स्थानीय तहका शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा अधिकृत वा तोकिएको कर्मचारी रहनेछ । नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(१) नगरपालिका क्षेत्रभित्रको शिक्षा सम्बन्धी योजना नगर कार्यपालिकामा पेश गर्ने,

(२) नगरसभाबाट पारित शैक्षिक कार्यक्रम तथा नगर शिक्षा समितिवाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने,

(३) विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमका समन्वय र नियमन गर्ने,

(६) सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सो को आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने आदि कार्यको लागि शिक्षा समिति समक्ष सिफारिस गर्ने,

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीका पदस्थापन, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार तलब भत्ता निकासा गर्ने आदि कार्यको लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने, शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन गर्ने,

(९) वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने कार्यको लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने

(१०) विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन

गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१२) आधारभूत तहका परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्बन्धी कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनका अधीनमा रही कार्य सम्पादन गर्ने,

(१४) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्ना विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने,

(१५) संघीय कानून, प्रदेश कानूनमा बमोजिम तोकिएका कार्यहरु तथा नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

## परिच्छेद -५
## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१. विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समिति, कार्यपालिकाका सदस्यहरू मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(ख) अभिभावकको भेलाले आफूहरू मध्येबाट छानी पठाएका एक जना दलित र एकजना महिला सहित ३ जना -सदस्य

स्पष्टिकरण : खण्ड (ख) मा जुनसुकै कुरा लेखिएता पनि उपदफा (१) को खण्ड (ख) बमोजिम सम्बन्धित विद्यालयको अभिभावकहरुमा दलित अभिभावक नभएमा सो स्थानमा जनजाति, पिछडिएको बर्ग वा अल्पसंख्यकलाई समावेश गरिनेछ ।

(ग) विद्यालयका अभिभावकहरु मध्ये वडा शिक्षा समितिले सिफारिस गरेका ३ जना महिलाहरु मध्ये नगर प्रमुखले मनोनयन गरेको १ जना महिला - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना – सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छनौट गरी पठाएका १ जना शिक्षक - सदस्य

(च) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(छ) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयको बाल क्लबबाट १ जना छात्र र १ जना छात्रालाई आमन्त्रण गर्नु पर्नेछ र आवश्यक परेमा अन्य व्यक्ति, संघ संस्थाका प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यामिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आबद्धहरू मध्ये नगर प्रमुखले मनोनित गरेको एक जना सदस्य रहनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरु मध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले सो समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समिति स्वयंले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठनकालागि आयोजना गरिने भेला सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना —सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना महिला —सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका १ जना शिक्षक —सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरू मध्येवाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनयन गरेको एकजना —सदस्य

(च) नगर शिक्षा अधिकृत — सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(९) छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता

अध्यक्ष वा सदस्यले आफनो पद अनुसारका आचरण पालना नगरेको देखिएमा छनौट गर्ने वा मनोनित गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन । उक्त कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिर गराई काममा लगाउने ।

(ज) नगरपालिकाबाट स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवार नआएमा नगरपालिकाले लिएको शिक्षक छनौट परीक्षाबाट प्रकाशित करार सूचीको योग्यताक्रम तथा प्रचलित कानूनको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ट) नगरपालिकाले तोकेको रजिष्ट्रर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ठ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ड) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, शर्त र सुविधा तोक्न र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ण) विद्यालयाका शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमको कारवाही गर्ने,

(११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनौट समितिको अनुमती लिई शिक्षक पदमा नियुक्ती गर्ने,

(छ) नगरपालिकाले तोकेबमोजिमको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफनो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन वडा शिक्षा समिति मार्फत नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(ट) विद्यालयले संकलन गर्ने सवै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समितिले दिएको आवश्यक निर्देशनको पालना गर्नु पर्नेछ ।

(१२) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगर शिक्षा समितिले कारणसहित नगरपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२३. **विद्यालय सञ्चालन कार्यविधि :** (१) यो ऐन वा प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त कृयाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएका कार्यविधि अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक कार्यविधि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले सो को प्रतिलिपि नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) नगरपालिकाले नगरका शैक्षिक विकासका लागि नमूना विद्यालय विकास गर्न, आवश्यकतानुसार नमूना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरु मध्येबाट नमूना विद्यालयको रुपमा छनौट गरी संचालन गर्न सक्नेछ । नमूना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वंयमसेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

(६) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

## परिच्छेद -६
## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्वन्धी व्यवस्था

२४. नगर शिक्षा विकास कोष : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

२५. कोष सञ्चालक समिति :

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिका काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. विद्यालय कोष : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको नगर शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमका कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२७. अनुदान कटौती नगरिने :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएका अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रका आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएका शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएका अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**२८. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२९. शुल्क सम्वन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावक वा अभिभावक भेलाले निर्णय गरी विद्यालयको गुणस्तरीय शिक्षाको लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्याथीसँग शुल्क तोकिएका आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफनो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको भौतिक संरचना निर्माण वा सेवा प्रवाहको क्रममा नेपाल सरकार, नगरपालिका वा कुनै दातृ निकायले गर्ने सहयोगको क्रममा योजनाको सम्फौता वमोजिम उपभोक्ता वा अभिभावकहरुले श्रमदान गर्नु पर्ने भएमा यस ऐनले वाधा पुर्याएको मानिने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क विद्यालयस्तरीय शुल्क प्रस्ताव समितिद्धारा निर्धारण गराई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएका सुविधाका आधारमा दिनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्ता शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३०. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा पाँच सम्मका विद्यार्थीहरुलाई तोकिए बमोजिम खाजाको व्यवस्था गर्न सक्नेछ ।

३१. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएका आधार सहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

३२. **विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएका सामुदायिक विद्यालयको चल अचल सम्पत्ति नगरपालिकाले गाभिएको विद्यालय, नगरपालिका स्थित अन्य विद्यालय वा नगरपालिकाको कार्यालय प्रयोजन वा नगरपालिकाको भवन निर्माणको लागि प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम सामुदायिक विद्यालयको सम्पत्ति प्रयोगमा नआउने भएमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । तर गाभिएको विद्यालयमा दरवन्दी अनुसारको सबै शिक्षक भएमा मर्ज भएर जाने विद्यालयका शिक्षकलाई नगरपालिका भित्रका अन्य विद्यालयमा नगर शिक्षा समितिको सिफरिसमा नगर कार्यपालिकाले दरवन्दी मिलान गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीका रुपमा सञ्चालन गरिएकोमा त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्ता सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालकले आफ्नो लगानीको पुरै वा आंशिक हिस्सा तोकिए वमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(५) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्तिमध्ये सार्वजनिक गुठीको रुपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक हुनेछ र त्यस्तो सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको नाममा प्रयोगमा ल्याउन सक्नेछ र निजी

गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (४) वमोजिम हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोके वमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(६) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(७) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको सिफारिसमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै विद्यालयले नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति भए नेपाल सरकारको स्वीकृतिबिना धितो राख्न, नास्न, मास्न वा बेचविखन गर्न पाइने छैन ।

३३. विद्यालयलाई छुट र सुविधा: (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७
## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

३४. दरबन्दी मिलान : (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) वमोजिम शिक्षकको दरवन्दी निर्धारण गर्दा आवश्यक मापदण्ड सहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले नगर क्षेत्र भित्र प्रत्येक वर्षको चैत्र मसान्त भित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल नगर क्षेत्र भित्र रहेको शिक्षक पुल दरबन्दी यस ऐन बमोजिम नगरपालिका मातहत रहनेछ ।

(३) नगरपालिकाको शिक्षा शाखाले उपदफा (१) वमोजिम शिक्षकको दरवन्दीमा नियुक्त भएका शिक्षकको व्यक्तिगत फायल खडा गरी राख्नु पर्नेछ ।

३५. शैक्षिक योग्यता : विद्यालयको शिक्षक, कर्मचारी एवं वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने : नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या, कक्षा र विषयका आधारमा तोकिए बमोजिम

विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयलका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएका भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धि काम, प्रकृति प्रकोप उद्दार वा नेपाल सरकार तथा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३८. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) दफा ४४ (४) मा उल्लेख भएका कुनै आरोपमा सजाय भोगी नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिन देखि पुनः बहाली भएको मितिसम्मको पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

३९. **शिक्षकको नियुक्ति, बढुवा र सरुवा :**

(१) विद्यालयमा रिक्त दरबन्दीमा अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) वाल विकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा शर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी सम्वन्धित वडाको सिफारिस र नगर प्रमुखको समन्चयमा तोकिए बमोजिमका प्रक्रिया पुरा गरी प्रमुख प्रशासकीय अधिकृतले रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षकलाई विशेष परिस्थितिमा एउटा विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु परेमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(५) शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तीको लागि सिफारिस भई आएका शिक्षकलाई विषय मिल्ने गरी नगर प्रमुख सँग समन्वय गरी प्रमुख प्रशासकीय अधिकृतले स्थायी नियुक्ती दिई काममा लगाउनु पर्नेछ ।

(६) करारमा शिक्षक नियुक्ती गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेदवारलाई प्राथमिकता दिईनेछ । शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेद्वार सम्पर्कमा नआएमा मात्र नगर शिक्षा समितिले प्रकाशित करार सूचीमा रहेका उम्मेदवारलाई नगरपालिका भित्र रिक्त रहेका दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार सम्वन्धित विद्यालय व्यवस्थापन

समितिले तहगत/विषयगत करार नियुक्ती दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(७) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

४०. **कार्य सम्पादन करार सम्झौता गर्नु पर्ने :** (१) शिक्षालाई गुणस्तरीय र प्रभावकारी वनाउन देहाय अनुसारको कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(क) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले नगर शिक्षा अधिकृतसंग नगर शिक्षा अधिकृतले सवै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सवै शिक्षकहरुसंग कार्यसम्पादनका लागि करार सम्झौता गर्नुपर्नेछ ।

(ख) कार्यसम्पादन मूल्यांकन एक वर्षको लागि हुनेछ । सम्झौता अनुसार प्रगति भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले शैक्षिक सत्र शुरु भएको एक महिना भित्र कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) कार्यसम्पादन करार सम्झौताको सूचकहरु नगर शिक्षा समितिले तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ । करार सम्झौताको सूचकहरु समय सन्दर्भ अनुसार परिवर्तन गरिनेछ ।

४१. **तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने :**
दफा (३७) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन र सो अवधि सेवामा गणना समेत हुनेछैन ।

४२. **प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गर बमाजिमका प्रधानाध्यापक तथा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्ता अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु भन्दा अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई संघीय वा प्रदेश शिक्षा ऐनले तोके बमोजिम कारवाही हुनेछ ।

४४. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न एक आधिकारिक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ नगरपालिका स्तरमा गठन गर्न सकिनेछ ।

(३) नेपाल शिक्षक महासंघको निर्वाचन तोकिए वमोजिम हुनेछ ।

(४) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा

शिक्षा समिति मार्फत पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदन र नगर शिक्षा अधिकृतको रायको आधारमा नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएका कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतीक दलको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा संलग्न भएमा ।

(५) उपदफा (४) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि राजनैतीक दलको कार्य समिति भन्नाले राजनैतिक दलका विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्फनु पर्दछ ।

## परिच्छेद-८
## विविध

**४५. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन ।

**४६. बालबालिकाहरुलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन । तर बालबिज्याई गरेको वा शैक्षिक वातावरणलाई असर पुग्ने कृयाकलाप गरेको पाइएमा त्यस्ता बालवालिकालाई आवश्यक सुधारका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन ।

**४७. प्रगति विवरण बुझाउनु पर्नेः**

संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको प्रगति विवरण नगर शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

४८. **दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्ता व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुका तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरितका अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसुरका सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्ता शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४९. **पुनरावेदन** : तोकिएका अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

५०. **नगरपालिकाले निर्देशन दिन सक्ने** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका शर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५१. **स्रोतकेन्द्रः** नगरपालिकामा आवश्यक परेमा श्रोत केन्द्रको स्थापना र स्रोत व्यक्तिको व्यवस्था गर्न सकिनेछ ।

५२. **नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक शिक्षा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**५३. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम कारबाही शिक्षा नियमावली नआएसम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा अस्थायी वा करार मा नियुक्तिको लागि विज्ञापनको अनुमति नगरपालिकाले दिनेछ ।

**५४. बाधा अड्काउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्चयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्ता बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्ता आदेश यस ऐनमा परे सरह मानिनेछ ।

**५५. बचाउ र गठन :**

(१) यो ऐन वा यस एनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएका कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन ।

(४) यसअधिको कानुन बमोजिम नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय तथा कारवाही गर्न बाधा पर्नेछैन ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागु हुनु अगाडी गठन भई क्रियाशील रहेका विद्यालय व्यवस्थापन समितिको पदावधि कायम रहेको भएता पनि यो ऐन लागु भएको मितिले ६ महिनाभित्र नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । यसरी तोकिएको समय सम्म नँया विद्यालय व्यवस्थापन समिति गठन नभएमा त्यस्ता विद्यालयको विद्यालय व्यवस्थापन समितिको पदावधि स्वत समाप्त भएको मानिनेछ । यसरी पदावधि समाप्त भएका विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन नभए सम्मको लागि नगरपालिकाले विद्यालय व्यवस्थापन समितिको काम गर्न एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ ।

आज्ञाले
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत